आज मिति २०७८ साल मंसिर २३ गते विहिवारका दिन यस नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | अनुपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | अनुपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | अनुपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| का.वा.अध्यक्ष व्यास ८ | श्री प्रदिप आचार्य | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१ : अघिल्लो बैठकको समीक्षा सम्बन्धमा प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.२ : कृषि व्यवसायका लागि जग्गा रजिष्ट्रेशन छुट सम्बन्धमा ।
प्रस्ताव नं.३ : बालमैत्री स्थानीय शासन (CFLG) कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं.४ : विभिन्न कार्यविधि पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५ : लेखा प्रणाली सफ्टवयर जडान सम्बन्धमा ।
प्रस्ताव नं.६ : सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन सम्बन्धमा ।
प्रस्ताव नं.७ : स्थानीय आर्थिक विकासका सम्भावनाहरुको अध्ययन प्रतिवेदन तयार पार्ने सम्बन्धमा ।
प्रस्ताव नं.८ : शिक्षक दरबन्दी सम्बन्धमा ।
प्रस्ताव नं.९ : विद्यालय वार्षिक उत्सव मनाउने सम्बन्धमा ।
प्रस्ताव नं.१० : योजनाहरुको लागत सहभागिता सम्बन्धमा ।
प्रस्ताव नं.११ : अध्ययन भ्रमण समिति गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२ : महोत्सव सञ्चालनको लागि जग्गा उपलव्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.१३ : मानहुँकोटमा निर्मित टावरमा सरसफाई कर्मचारीको रकम भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.१४ : पि.सि.आर. ल्याव सम्बन्धमा ।
प्रस्ताव नं.१५ : मासिक पारीश्रमिक सम्बन्धमा ।
प्रस्ताव नं.१६ : आर्थिक सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.१७ : चारकुने आधारभुत स्वास्थ्य केन्द्रलाई सामाग्री उपलव्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.१८ : इन्धन उपलव्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.१९ : विभिन्न योजनामा रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२० : ठेक्का स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२१ : कमागत योजनाहरुको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.२२ : शिक्षक सरुवा सम्बन्धमा ।
प्रस्ताव नं.२३ : आलुको बिउ खरिद सम्बन्धमा ।
प्रस्ताव नं.२४ : प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सम्बन्धमा ।
प्रस्ताव नं.२५ : घरभाडा उपलव्ध गराउने सम्बन्धा ।
प्रस्ताव नं.२६ : सार्वजनिक खर्च सम्बन्धी मापदण्ड २०७८ सम्बन्धमा ।
प्रस्ताव नं.२७ : मादिगंगा महिला बहुउद्देश्यीय सहकारी संस्था लि.लाई निरन्तरता दिने सम्बन्धमा ।
प्रस्ताव नं.२८ : वडागत योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.२९ : स्वेच्छिक अवकासका शिक्षकहरुलाई प्रोत्सादन रकम उपलव्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.३० : प्रतिनिधि तोक्ने सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१ :** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७८/७/२३ गते भएको बैठकको कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका विषयमा समिक्षा गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२ :** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा कृषि तथा पशु फर्मको लागि जग्गा खरिद गर्नका लागि तपसिल बमोजिमका फर्महरुबाट मालपोत कार्यालय तनहुँमा रजिष्ट्रेशन दस्तुर छुट गर्न माग भई आएकोले सिफारिसको लागि अनुरोध गर्ने निर्णय गरियो ।

(क) पोखरा महानगरपालिका वडा नं. १५ मा मित्र प्रसाद अधिकारी सञ्चालक रहेको सहयोगी कृषि तथा पशुपंक्षी फार्म प्रा.लि.द्वारा व्यास न.पा. वडा नं. १० मा कृषि तथा पशुपालन सम्बन्धी व्यवसाय सञ्चालन तथा व्यवसाय विस्तारका लागि शुक्लागण्डकी नगरपालिका वडा नं. ३ बस्ने सन्तोषी भुजेलको नाउँमा रहेको साविक फराकचौर ३/च कित्ता नं. २१६, ३२२, २९७, ३०७, २५६, ३२६, ३७०,

३७१, ३१३, ३४० क्षेत्रफल ३-८-२-२, ०-७-१-२, ०-१३-०-०, ६-१४-०-२, ८-१२-१-३, १०-११-१-२, १-१३-०-०, १-१२-३-३, ३-९-०-०, १-७-२-० भएको जग्गा कृषि व्यवसाय सञ्चालन गर्नका लागि सहयोगी कृषि तथा पशुपंक्षी फार्म प्रा.लि.का नाउँमा राजिनामा रजिष्ट्रेशन पारित गरी लिन कानून बमोजिम लाग्ने रजिष्ट्रेशन शुल्कमा छुट दिन मालपोत कार्यालय तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

(ख) व्यास नगरपालिका वडा नं. १० मा सन्तोषी भुजेल सञ्चालक रहेको युनेश कृषि फार्म द्वारा स्थानीय स्तरमा कृषि तथा पशुपालन व्यवसाय सञ्चालन तथा व्यवसाय विस्तरका लागि वडा नं. १० निवासी मनमाया बाँनिया क्षेत्री भन्ने मनमाया, राम बहादुर बाँनिया क्षेत्री, पारस बाँनिया क्षेत्री र संगिता भण्डारी खत्री समेतको नाउँमा रहेको साविक फराकचौर ३/घ कित्ता नं. ३५७, २९०, १४, २८७, २८८, २८६, २८९, ३५४ र ३५६ क्षेत्रफल ३-२-०-०, ६-१४-०-१, १-६-२-२, १-१०-१-२, ५-९-०-०, १-१-३-२, ३-८-२-२, ०-६-०-० र २-७-०-० भएको जग्गा कृषि व्यवसाय सञ्चालन गर्नका लागि युनेश कृषि फार्म का नाउँमा राजिनामा रजिष्ट्रेशन पारित गरी लिन कानून बमोजिम लाग्ने रजिष्ट्रेशन शुल्कमा छुट दिन मालपोत कार्यालय तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

(ग) व्यास नगरपालिका वडा नं. १० मा सञ्चालक सृजना भण्डारी रहेको ए.जि.रिच बहुउद्देश्यीय कृषि फर्म एण्ड रिसर्च सेन्टर प्रा.लि. द्वारा स्थानीय स्तरमा कृषि तथा पशुपालन व्यवसाय सञ्चालन तथा विस्तार गर्नका लागि वडा नं. १० निवासी विशाल गिरीको नाउँमा रहेको साविक फराकचौर ८/ग कित्ता नं. १७१ र २६६ क्षेत्रफल ४-८-०-० र २-०-०-० र व्यास १० निवासी पुष्पराज मिश्रको नाउँमा रहेको साविक फराकचौर ८/ग कित्ता नं. २०४ र २१० क्षेत्रफल २-९-३-० र ३-०-०-० भएको जग्गा कृषि व्यवसाय सञ्चालन गर्नका लागि ए.जि.रिच बहुउद्देश्यीय कृषि फर्म एण्ड रिसर्च सेन्टर प्रा.लि. का नाउँमा राजिनामा रजिष्ट्रेशन पारित गरी लिन कानून बमोजिम लाग्ने रजिष्ट्रेशन शुल्कमा छुट दिन मालपोत कार्यालय तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ :** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने अभियानमा व्यास नगरपालिका बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्य सञ्चालन कार्यविधि २०७७ बमोजिम निम्न लिखित विभिन्न समितिहरु गठन गर्ने निर्णय गरियो ।

(क) बालमैत्री : स्थानीय शासन समिति (दफा ४ (१)

| | | |
|---|---|---|
| १. | अध्यक्ष | – नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने |
| २. | उपाध्यक्ष | – उपप्रमुख श्री मिरा जोशी |
| ३. | सदस्य | – प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल |
| ४. | सदस्य | – न.पा. सदस्य श्री कल्पना पोखेल |
| ५. | सदस्य | – न.पा. सदस्य श्री नरिमाया थापा |
| ६. | सदस्य | – स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख श्री प्रमोद सोती |
| ७. | सदस्य | – स्थानीय प्रधानाध्यापक श्री राजेन्द्र खनाल (बालमन्दिर) |
| ८. | सदस्य | – स्थानीय विद्यालय महिला शिक्षक श्री मिनु सेन्चुरी (जनजागृति) |
| ९. | सदस्य | – स्वास्थ्य स्वयंसेवी श्री माया सोती |
| १०. | सदस्य | – गैह्रसरकारी संस्था श्री सरिता भण्डारी |
| ११. | सदस्य | – बाल सञ्जाल प्रतिनिधि श्री अनिसा ठकुरी |
| १२. | सदस्य | – बाल संरक्षण समितिबाट श्री |
| १३. | सदस्य | – बालडेक्स हेर्ने शिक्षा अधिकृत श्री नविन पराजुली |
| १४. | सदस्य | – महिला बालबालिका उपशाखा प्रमुख श्री राधा आचार्य |
| १५. | सदस्य-सचिव | – शिक्षा तथा सामाजिक शाखा प्रमुख श्री नगेन्द्रराज रेग्मी |

(ख) बाल संरक्षण समिति ८ (१)

१. संयोजक श्री मिरा जोशी (उपप्रमुख)
२. सदस्य श्री चन्द्रमाया परियार (सदस्य शिक्षा समिति)
३. सदस्य श्री रिकेश थापा (नगर सदस्य)
४. सदस्य श्री सविता श्रेष्ठ (स्वास्थ्य स्वयंसेवी)
५. सदस्य श्री अमृत पन्थ (SOS प्रतिनिधि)
६. सदस्य श्री विन्दु गुरु (जनजाती)
७. सदस्य श्री विश्व बुढा (दलित)
८. सदस्य श्री आशिक परियार (नगर प्रहरी प्रमुख)
९. सदस्य श्री सिता पण्डित (विमर्शकर्ता)
१०. सदस्य श्री सिता कुँवर (अपाङ्गता क्षेत्र)
११. सदस्य-सचिव श्री नविन पराजुली

(ग) संरक्षक शिक्षकहरु मध्येबाट १ र बाल सञ्जाल क्षेत्रबाट १ बालक, १ बालिका, २ जना समेत ३ जना बाल संरक्षण समितिबाट गठन हुनेछ ।

(घ) बालबालिका डेस्क हेर्नका लागि नगर स्तरीयमा शिक्षा अधिकृत श्री नविन पराजुली र वडा बाल संरक्षण समितिको सदस्य सचिवमा वडा सचिवलाई तोक्न निर्णय गरियो ।

(ङ) कार्यविधिका दफा ११ (१) बमोजिम हाललाई वडा नं. २, १३ र १४ वडामा कार्यक्रम कार्यान्वयन गरिने हुँदा सम्बन्धित वडा अध्यक्षको अध्यक्षतामा वडा बाल संरक्षण समिति गठन गर्ने अधिकार वडा समितिलाई प्रत्यायोजित गरिन्छ ।

(च) कार्यविधि अनुसार वडा नं. २, १३, १४ मा दफा १४ बमोजिम विद्यालय बाल संरक्षण समिति, दफा १७ बमोजिम बालक्लव र दफा १९ बमोजिम बालक्लव सञ्जाल २०७८ पौष १५ भित्र गठन गर्न सम्बन्धित वडा बाल संरक्षण समितिलाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।

(छ) बालमैत्री नगरपालिका घोषणा गर्ने अभियानमा अत्यावश्यक खर्च आ.व. २०७८/०७९ को बजोट शिर्षक नं. ञछद्ध बाट खर्च गर्ने गरी आगामी बैठकमा कार्य योजना बनाई प्रमुख प्रशासकीय अधिकृत मार्फत बैठकमा पेश गर्न नगर शिक्षा अधकारी श्री नगेन्द्र प्रसाद रेग्मीलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा प्रा.वि. शिक्षक दरबन्दी मिलान सम्बन्धी स्वेच्छिक अवकास प्रोत्साहन वितरण कार्यविधि २०७८, अनुदान कोटामा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि २०७८, स्थानीय कृषि बजार व्यवस्थापन निर्देशिका २०७८, पारित गर्ने निर्णय गरियो । साथै शिक्षकहरुको स्वेच्छिक अवकासका लागि २०७८ पौष मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका कर्मचारीहरुको तलव र अन्य सुविधा कम्प्युटर प्रणालीबाट भुक्तानी गर्न सफ्टवयर राख्न वित्तिय व्यवस्थापन शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७८/७/३० मा जारी सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड २०७८ अनुसार यस नगरपालिकामा कार्यरत करार कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्न पुनरावलोकनकर्ता प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल, पुनरावलोकन समिति सदस्य वरिष्ठ ईन्जिनियर डा.राजु पौडेल, सुपरीवेक्षकमा वरिष्ठ प्रशासकीय अधिकृत श्री रामचन्द्र हड्खलेलाई तोक्ने निर्णय गरियो । साथै सम्बन्धित शाखा प्रमुखलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा उपस्थित गराउने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको स्थानीय आर्थिक विकासका (LED Programme) सम्भावनाहरुको अध्ययन प्रतिवेदन ३ महिनाभित्र तयार गरी पेश गर्न कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका विद्यालयहरुमा दरबन्दी कटौती गर्दै जाँदा विद्यालयमा कार्यरत शिक्षकहरुको दरबन्दी मिलान गर्नुपर्ने र विद्यार्थी कम भएका विद्यालय मर्ज गनुपर्ने देखिंदा आवश्यक निर्णय लिनका लागि नगर प्रमुख, उपप्रमुख र नगर शिक्षा अधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । साथै बाल विकासमा न्यूनतम ५ जना र अन्य तहगत आधारमा न्यूनतम १० जना भन्दा कम विद्यार्थी भएका विद्यालयहरुलाई बालबालिकाको शिक्षा आर्जन गर्ने अधिकारलाई प्रत्याभूति गरी वैकल्पिक व्यवस्था गरी विद्यालय मर्ज गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्रका विद्यालयमा वार्षिक उत्सव गर्ने नाउँमा धेरै दिन विद्यालयमा पठन-पाठन अवरुद्ध हुने गरिएको पाईएकोले हरेक विद्यालयहरुले कोरोना महामारीको तेस्रो लहरको अवस्थालाई समेत मध्यनजर गरी तयारी एवं वार्षिक उत्सवलाई ३ (तिन) दिन र वार्षिक उत्सव कार्यक्रम ३ घण्टा भित्र सामान्य तवरले सम्पन्न गर्नु गराउनु हुन शिक्षा शाखा मार्फत विद्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको विभिन्न वडाहरुबाट लागत सहभागितामा योजनाहरुको माग भईरहेकाले शहरी वडामा (वडा नं. १, २, ३, ४) न्यूनतम ३०% र ग्रामिण वडामा (अन्य) न्यूनतम २०% लागत सहभागिता रहने गरी २० लाखका ५ र १० लाखका १० वटा योजनाहरुको लागत ईष्टिमेट र सम्बन्धित वडाको सिफारिसका आधारमा पौष १५ गतेभित्र टोल विकास संस्था मार्फत प्रस्ताव माग गर्ने गरी पूर्वाधार विकास तथा योजना विकास शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल व्यास नगरपालिका कार्यालयको काममा बाधा नपर्ने गरी जनप्रतिनिधि र कर्मचारी भ्रमण प्रस्तावलाई व्यवस्थापन गर्न उपप्रमुख श्री मिरा जोशीको संयोजकत्वमा ७ सदस्यीय समिति गठन गर्ने निर्णय गरियो । साथै भ्रमणका लागि बजेट शिर्षक नं. ३४ बाट हाललाई बढिमा ८०% मात्र खर्च गर्ने गरी व्यवस्था मिलाउन समेत निर्णय गरियो ।

| | |
|---|---|
| उपप्रमुख श्री मिरा जोशी | – संयोजक |
| वडा अध्यक्ष श्री तुलसी सापकोटा | – सदस्य |
| वडा अध्यक्ष श्री विश्वराज न्यौपाने | – सदस्य |
| वडा सदस्य श्री चुडामणी दाहाल | – सदस्य |
| वडा सदस्य श्री सुन्दर वाग्ले | – सदस्य |
| वडा सदस्य श्री लाल बहादुर थापा | – सदस्य |
| वडा सदस्य श्री बसुन्धरा घर्ती | – सदस्य |
| उपनिर्देशक (आ.ले.प.) श्री कुमार कंचन जि.सी. | – सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल | – सदस्य-सचिव |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा तनहुँ उद्योग वाणिज्य संघले महोत्सवका लागि स्थान उपलव्ध गराउन माग गरेको सम्बन्धमा छलफल गर्दा व्यास नगरपालिका वडा नं. ४ र १० को

सिमानामा रहेको माथिल्लो भतेरी वा व्यास ५ स्थित पाटन पराशर खेल मैदान उपलब्ध गराउने र जग्गा व्यवस्थापन र यातायात मार्ग व्यवस्थापन गर्न नगरपालिकाले सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ५ को मानहुँकोटमा निर्मित टावरमा सरसफाई गर्न व्यास ५ निवासी रेख बहादुर थापालाई लगाउने भनि यस अघि नै निर्णय भएकोमा रेख बहादुरको नागरिकता प्रमाण पत्रमा नाम मधुराम थापा भएकोले सोही अनुसार भुक्तानी प्रमृया अगाडी बढाउन वडा कार्यालय र वित्तिय व्यवस्थापन शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १४ :** प्रस्ताव नं. १४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाद्वारा व्यास १० दुम्सीमा सञ्चालित पि.सि.आर. ल्याव हालसम्म निःशुल्क सञ्चालन गरिएकोमा खर्च धान्न समस्या देखिएको हुँदा अति विपन्न व्यक्तिहरुको हकमा वडाको सिफारिसका आधारमा (वैदेशिक रोजगारीमा जाने बाहेक मात्र) निःशुल्क र अन्यको हकमा २०७८ पौष १ गतेदेखि लागू हुने गरी प्रति व्यक्ति रू.१,०००।- (एक हजार) सेवा शुल्क लिने निर्णय गरियो ।

**निर्णय नं.१५ :** प्रस्ताव नं. १५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. १० दुम्सीमा व्यास नगरपालिकाद्वारा सञ्चालित पि.सि.आर. ल्यावमा कार्यरत कार्यालय सहयोगी शान्ती सापकोटाको मासिक पारीश्रमिक रू.१०,०००।- (दश हजार मात्र) भएकोमा ०७८ पौष १ गतेदेखि लागू हुने रू.१४,५००।- (चौध हजार पाँचसय) पारीश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१६ :** प्रस्ताव नं. १६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ५ बस्ने नेत्र बहादुर फङजा मगरको आर्थिक अवस्था कमजोर भएको र हालसम्म निजको घरमा शौचालय नभएको हुँदा शौचालय निर्माणका लागि रू.२०,०००।- (बिस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१७ :** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. १ स्थित चारकुने आधारभुत स्वास्थ्य केन्द्रलाई कम्प्युटर टेबुल, कुर्ची उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१८ :** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा विभिन्न राजनैतिक दलहरुको महाधिवेशन लगायत विविध कार्यक्रममा आवत-जावत गर्नका लागि शिर्षक नं. ४२ बाट इन्धन सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१९ :** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | माइलीडाँडा टोल चर्च जाने बाटो कालोपत्रे | १ | ८,००,०००।०० | ७९५ |
| २. | अडमपानी टोल चण्डी मार्ग कालोपत्रे | १ | ५,००,०००।०० | ७९५ |
| ३. | सरल मार्ग पक्की नाला निर्माण | १ | ५,००,०००।०० | ७९५ |
| ४. | नव आदर्श टोल ज्ञानगंगा डाँडागाउँ पक्की नाला | १ | ६,००,०००।०० | ७९५ |
| ५. | भादगाउँ टोल चौतरादेखि क्याम्पस परिशर नाला निर्माण | १ | ३,००,०००।०० | ७९५ |
| ६. | डमौली टोल मिलन मार्ग कालो पत्रे | १ | ३,००,०००।०० | ७९५ |
| ७. | हाइस्कुलटार टोल लर्डबुद्ध अगाडी नाला निर्माण | १ | २,००,०००।०० | ७९५ |
| ८. | शिवालय मन्दिर टोल सुनिल रानाभाटको घर ठाडो बाटो | १ | २,००,०००।०० | ७९५ |

| | | | | |
|---|---|---|---|---|
| ९. | निर्मल नगर राम मार्ग कालोपत्रे | १ | २,००,०००।०० | ७९५ |
| १०. | दरै स्वामीटोल अधुरो नाला निर्माण | १ | २,००,०००।०० | ७९५ |
| ११. | ठूलोगाउँ टोल एम.वि. मार्ग नाला निर्माण | १ | २,००,०००।०० | ७९५ |
| १२. | दरै स्वामी चौतारा मर्मत सम्हार | १ | १,५०,०००।०० | ७५८ |
| १३. | वडा कार्यालय फर्निचर खरिद | १ | १,५०,०००।०० | ९७२ |
| १४. | जनसेविका प्रा.वि. शौचालय निर्माण | १ | ३९,५००।०० | ७७२ |
| १५. | सन्तोष रानाभाट अनुसन्धान परियोजना छात्रवृत्ति | १ | २५,०००।०० | १५७ |
| १६. | सविता रानाभाट अनुसन्धान परियोजना छात्रवृत्ति | १ | २५,०००।०० | १५७ |
| १७. | अमरसिंह मा.वि. सि.सि. क्यामेरा जडान | २ | १,५०,०००।०० | विविध |
| १८. | जनसेवा प्रा.वि. छाना फेर्ने र फर्निचर निर्माण | २ | १,५०,०००।०० | ७७२ |
| १९. | भु.पु. सैनिक क्लव प्रशिक्षण कार्यक्रम | २ | १,००,०००।०० | १७८ |
| २०. | क्याट आई राख्न वडा बजेटमा थप | ३ | ५०,०००।०० | विविध |
| २१. | अनसन चौतारामा बत्ती राख्ने थप | ३ | १५,०००।०० | ७५८ |
| २२. | शहिद विक्रम परिवारको छोरीको पढाई खर्च सहयोग | ३ | ५०,०००।०० | १५७ |
| २३. | बागेश्वर शिव मन्दिर कम्पाउण्ड निर्माण थप | ४ | २,००,०००।०० | ७८५ |
| २४. | चुरेखोल्सी गुराँस आमा समूह फर्निचर खरिद | ४ | १,००,०००।०० | ७८५ |
| २५. | शिव कुमार नेपाली उपचार खर्च (आगलागी) | ४ | २०,०००।०० | ३९ |
| २६. | सिन्धु सत्सँग साँस्कृतिक भजन बाध्यवाधक सामाग्री खरिद | ५ | ७५,०००।०० | ७८५ |
| २७. | आशिका गौतम खनाल उपचार खर्च | ५ | ३५,०००।०० | ३९ |
| २८. | जेनिसिस सुगुर फर्म तारवार | ६ | ७०,०००।०० | विविध |
| २९. | अकला मन्दिर अधुरो कार्य थप निर्माण | ६ | २,००,०००।०० | ७८५ |
| ३०. | ग्यालेक्सी युवा क्लव फुटवल प्रतियोगिता व्यवस्थापन | ६ | ८०,०००।०० | ७७७ |
| ३१. | शिसाघाट वडा सम्पर्क कार्यालय थप | ६ | १,२८,०००।०० | ७९२ |
| ३२. | शिसाघाट सामुदायिक भवन सम्पन्न | ६ | १,५०,०००।०० | ७८५ |
| ३३. | इस्लामिक मदर्शा कम्पाउण्ड गेट निर्माण मर्मत | ६ | १६००००।०० | ७८५ |
| ३४. | कलेस्ती नेवा समाजको भिमसेन मन्दिर निर्माण | ७ | ७०,०००।०० | ७८५ |
| ३५. | शेरा एलाका चर्च कम्पाउण्ड | ७ | १,५०,०००।०० | ७८५ |
| ३६. | वि.पि. स्मृती भवन ट्रष्ट निर्माण | ८ | ७,००,०००।०० | थप ३,००,०००।०० शिर्षक नं. ५१४ बाट ४,००,०००।०० समेत |
| ३७. | विष्णुमाया गुरुङ्ग भुकम्प पीडित घर मर्मत | ९ | २५,०००।०० | विपद |
| ३८. | लक्ष्मी आधारभूत विद्यालय शौचालय विद्युत समेत | ९ | १,००,०००।०० | ७७२ |
| ३९. | श्री मनोज गोदार छात्रवृत्ति (CTVT) | ९ | ७५,०००।०० | १५७ |
| ४०. | ह्यूमपाइप खरी फोहोरमैला व्यवस्थापन | १० | १,००,०००।०० | ७८४ |
| ४१. | लखन कृषि सहकारी पाइप खरिद सहयोग | १० | १,५०,०००।०० | ७८९ |
| ४२. | सिशुवा भतेरी फोहोरमैला केन्द्र गौसंरक्षण केन्द्र तटबन्धन | १० | ३०,००,०००।०० | ७८४ |
| ४३. | दुम्सी दुग्ध सहकारी भवन निर्माण सहभागिता | १० | १०,००,०००।०० | ८५३ |

| | | | | |
|---|---|---|---|---|
| ४४. | रातमाटा पहरे खानेपानी योजना पाइप फेर्ने कार्य | ११ | १,००,०००।०० | ७९४ |
| ४५. | भोटेखोला सानो पुल निर्माण | ११ | १०,००,०००।०० | ८२४ |
| ४६. | कर्लुङ्ग खानेपानी ट्रान्समिटर मर्मत | १२ | १,००,०००।०० | ७९४ |
| ४७. | बेनीकोट भञ्ज्याङ्ग मोटर मार्ग पहिरो हटाई ग्राभेल | १३ | ३,९०,०००।०० | ८४६ |
| ४८. | छापडाँडाटोल खानेपानी पाइप फेर्ने कार्य | १३ | ८०,०००।०० | ७९४ |
| ४९. | आमडाँडा सुन्तला विकास समूह मार्ग पहिरो हटाउने कार्य | १३ | ३०,०००।०० | ८४६ |
| ५०. | खेतबारी, घर, कुलो संरक्षण खरिद (७६९) बाट बजेटमा थप समेत | १४ | ५,००,०००।०० | विपद २,००,०००।०० |
| ५१. | छाब्दी पुजारी टोल मोटर मार्ग पहिरो संरक्षण समेत | १४ | १,५०,०००।०० | विपद |

**निर्णय नं.२० :** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्षमा संचालन हुने गरी तपशिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र आब्हान गरिएकोमा दर्ता हुन आएका विभिन्न फर्मका बोलपत्र र दरभाउपत्रहरु मध्ये मुल्यांकन समितिको सिफारिसमा तपशिलमा उल्लेखित फर्महरुको बोलपत्र/दरभाउपत्र स्वीकृत गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपशिल

| सि.न. | ठेक्का नं | फर्मको नाम र ठेगाना | कार्यको विवरण | कबोल अंक ( मु.अ.क. वाहेक) |
|---|---|---|---|---|
| १ | ४/Vyasmun/ ०७८।०७९ | श्री लक्ष्मी निर्माण सेवा व्यास २ तनहुं | क्यामीन छापथोक मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण | रु.३७,७८,०१०।३० |
| २ | ५/Vyasmun/ ०७८।०७९ | श्री पासा कन्स्ट्रक्सन शुक्लागण्डकी ३ तनहुं | वैरनी वडा कार्यालय मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण | रु.३०,८९,१२८।०० |
| ३ | ६/Vyasmun/ ०७८।०७९ | श्री बेलु निर्माण सेवा व्यास २ तनहुं | तालघरे दुम्सीचौर मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण | रु.२६,६०,९०८।०० |
| ४ | ७/Vyasmun/ ०७८।०७९ | श्री हरिशान्ती कन्स्ट्रक्सन व्यास २ तनहुं | कलेस्ती गजौडे वडा कार्यालय मार्ग कालोपत्रे | रु.२२,४०,७०९।१० |
| ५ | ८/Vyasmun/ ०७८।०७९ | श्री लक्ष्मी निर्माण सेवा व्यास २ तनहुं | कमलबारी वडा कार्यालय मार्ग कालोपत्रे | रु.२१,५३,४२०।०० |
| ६ | ९/Vyasmun/ ०७८।०७९ | श्री पासा कन्स्ट्रक्सन शुक्लागण्डकी ३ तनहुं | मादि पुलदेखी माथिल्लो भतेरी मार्ग कालोपत्रे तथा स्तरोन्नती | रु.१६,०४,९७५।०० |
| ७ | १०/Vyasmun /०७८।०७९ | श्री लक्ष्मी निर्माण सेवा व्यास २ तनहुं | कालिका मार्ग कालोपत्रे तथा पक्की नाला | रु.१७,३२,४७८।२० |
| ८ | १२/Vyasmun /०७८।०७९ | श्री माता बाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन शुक्लागण्डकी | रानीगांउ गैरावारी टोल पोल्याङ मार्ग स्तरोन्नती ( कालोपत्रे) | रु.१२,६०,९७४।४० |

| | | | | |
|---|---|---|---|---|
| | | ८ | | |
| ९ | १३/Vyasmun /०७८।०७९ | श्री माता बाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन शुक्लागण्डकी ८ | छिर्कने बेलघारी मार्ग कालोपत्रे | रु.१२,५३,१८३।०० |
| १० | १४/Vyasmun /०७८।०७९ | श्री हरिशान्ती कन्स्ट्रक्सन व्यास २ तनहुं | बिरालीटार मार्ग कालोपत्रे तथा पक्की नाला | ११,८५,२६४।८० |
| ११ | (ठेक्का नं ४/स्वास्थ्य/०७८।०७९ | श्री चिराग फार्मेसी पोखरा कास्क | आवश्यक औषधी तथा सर्जिकल सामान सामाग्रीहरु खरिद | रु.१२,८२,६२८।३३ |
| १२ | (ठेक्का नं.३/vyasmun /२०७८।०७९ | श्री पि.एम.शान्ति निर्माण सेवा काठमाण्डौ | न.पा कार्यालयको बहुउद्देश्यीय भवनमा तल्ला थप निर्माण योजना | रु.१,०५,७९,३१९।२६, |
| १३ | | भगवती भैंसीपालन तथा कृषि उत्पादन फार्म तुलसीभञ्ज्याङ स्याङजा | आलुको बिउ खरिद | रु.१२,२८,६५०।०० |

**निर्णय नं.२१ :** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्षमा ठेक्का सम्झौता भएका तथा उपभोक्ता समितिसंग सम्झौता भै क्रमागत योजनाका रुपमा रहेका योजनाहरुको मिति २०७८ चैत्र मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२ :** निर्णय नं. २२ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. वडा नं. १० दुम्सीचौर स्थित भानु मा.वि.मा कार्यरत मा.वि. शिक्षक श्री राजेन्द्र सिग्देललाई (सामाजिक) व्यास १२ छिर्कने स्थित अमरसिंह मा.वि. मा र ऐ. अमरसिंह मा.वि. मा कार्यरत मा.वि. शिक्षक श्री विष्णु श्रेष्ठ (अंग्रेजी) ऐ. भानु मा.वि. मा २०७८/९/१ गतेदेखि लागू हुने गरी सरुवा गर्ने निर्णय गरियो । साथै व्यास न.पा. वडा नं. १२ कमलाबारी स्थित सिद्धेश्वरी मा.वि.मा कार्यरत मा.वि. सामाजिक शिक्षक मिनु सेन्चुरीलाई वडा नं. १३ पोखरीभञ्ज्याङ्ग स्थित जनजागृती गंगा मा.वि.रिक्त मा.वि. सामाजिक शिक्षक दरबन्दीमा सरुवा गरी सिद्देश्वरी मा.वि. मा रिक्त हुन जाने मा.वि. सामाजिक दरबन्दीमा व्यास ७ क्यामिनकोट मा.वि. मा कार्यरत मा.वि. सामाजिक स्थायी शिक्षक श्री अमृतराज कैनीलाई सरुवा गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३ :** प्रस्ताव नं. २३ का सम्बन्धमा छलफल हुँदा कृषकको माग अनुसार आलुको बिउ तत्काल खरिद गर्न शिर्षक नं. १८९ आलु, लसुन, प्याज पकेट बिउ ५०% अनुदानबाट रू.५,००,०००।- (पाँच लाख) र शिर्षक नं. १९२ तरकारी फलफूल मूल्य श्रृंखला कार्यक्रम सशर्तबाट रू.४,००,०००।- (चार लाख) रकमान्तर गरी ५०% अनुदानका कृषकहरुलाई उपलब्ध गराउन सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२४ :** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना साना व्यवसायिक कृषि उत्पादन केन्द (पकेट) विकास कार्यक्रम अन्तर्गत तरकारी पकेट विकास कार्यक्रमका लागि पर्न आएको निवेदन अनुसार शिर्षक नं. २२९.३ तरकारी बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रममा विनियोजित रू.१२ लाख निम्नानुसारको पकेट क्षेत्रलाई उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | कृषि समूहको नाम | ठेगाना | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | एकता कृषि कृषक समूह | व्यास ५ रानीटारी | कृष्ण मल्ल | ९८४६६०२१६ | ६,००,०००।- (छ लाख) | लागत सहभागिता प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मापदण्ड अनुसार |
| २. | सुनौलो नयाँ गोरेटो कृषि सहकारी | व्यास ९ गजौडे | विष्णु अधिकारी | ९८४६१३१२१८ | ६,००,०००।- (छ लाख) | |

**<u>निर्णय नं.२५</u> :** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका कार्यालयमा कार्यरत उपनिर्देशक (अधिकृत आठौं) श्री कुमार कंचन जि.सी.लाई घर भाडा वापत २०७८ श्रावण महिनादेखि मासिक रू.७,०००।- (सात हजार) उपलव्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं.२६</u> :** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ लागू गर्न सक्ने भनि लेखी आए अनुसार उक्त मापदण्ड पारित गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२७</u> :** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा श्री मादिगंगा महिला बहुउद्देश्यीय सहकारी संस्था लि.को विभिन्न किसिमका हिंसामा परी मानसिक समस्यामा परेका महिला तथा बालबालिकाहरुको मानसिक स्वास्थ्यमा सुधार कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

**<u>निर्णय नं.२८</u> :** प्रस्ताव नं.२८ (क) का सम्बन्धमा छलफल हुँदा विभिन्न वडाहरुबाट योजना परिवर्तनका लागि सिफारिस भै आएका निम्न लिखित योजनाहरु परिवर्तन गरी कार्यान्वयन गर्ने र अनुमोदनका लागि आगामी हिउँदे नगरसभामा पेश गर्ने निर्णय गरिन्छ ।

(क) वडा नं.१ बाट बजेट शिर्षक नं.२६४ मा रहेको रू.२,००,०००।- (दुई लाख) (१) खकौली टोलको छाब्दी मार्ग देखि कदम खोल्सी हुदै माथिल्लो दरैगाउँ जाने बाटो निर्माण गर्न रू.१,००,०००।- (एक लाख) र (२) कुन्छाली टोलमा शाखा बाटो निर्माण, कच्चीनाला तथा ग्राभेलका लागि रू.१,००,०००।- (एक लाख) ।

(ख) बजेट शिर्षक नं.२६१ मा रहेको रू.२,००,०००।- (दुई लाख) नव आदर्श टोलको चन्द्रनाथ पण्डितको घर देखि माथि अकला खोल्सीसम्म जोड्ने बाटो खुलाई कच्चीनाला ग्राभेल गर्ने ।

(ग) बजेट शिर्षक नं.२८८ मा रहेको रू.४,००,०००।- (चार लाख) जलदेवी मा.वि. प्राङ्गण सम्याउने, नाला निर्माण, पार्किङ्ग स्थल निर्माण, मुख्य गेटदेखि स्कुल जाने बाटोमा ढलान गर्ने ।

(घ) शिर्षक नं.२७४ मा विनियोजित रू.१,००,०००।- (एक लाख) भङ्गभङ्गे स्थित दरै जातीको पुजा गर्ने मन्दिर तारवार गर्ने ।

(ङ) शिर्षक नं.२५३ मा विनियोजित रू.२,००,०००।- (दुई लाख) सृजनशिल टोलको अधुरो रहेको सामुदायिक भवनमा झ्याल ढोका निर्माण ।

(च) वडा नं.१० बाट बजेट शिर्षक नं.११४ मा रहेको रू.२,५०,०००।- (दुई लाख) पचास हजार वडाका कृषकहरुलाई ७५% अनुदानमा चापकटर तथा मेशिनरी सामाग्री खरिद गरी वितरण गर्ने ।

**<u>निर्णय नं.२९</u> :** निर्णय नं.२९ का सम्बन्धमा छलफल हुँदा दरबन्दी मिलानका सन्दर्भमा स्वेच्छिक अवकास प्रोत्साहन कार्यक्रम अनुसार कार्तिक मसान्तभित्र राजिनामा गर्न निम्न लिखित १९ जना शिक्षकहरुलाई प्राथमिक तह प्रथम श्रेणीलाई २ महिनाको सुरु स्केलले हुने जनही रू.७५,९८०।- र प्राथमिक तह द्धितिय श्रेणीलाई २ महिनाको सुरु स्केलले हुने जनही रू.६०,४००।- ले हुने जम्मा रू.११,७८,७६०।- (एघार लाख अठहत्तर हजार हजार सातसय साठी) बजेट शिर्षक नं.१५२ बाट खर्च हुने गरी उपलव्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं.३०</u> :** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. वडा नं. ६ बस्ने विसरादेवी राना मगर निवेदक व्यास नगरपालिका समेत विपक्ष भएको निषेधाज्ञा मुद्दामा व्यास नगरपालिकाद्वारा स.म.वि.नि. शर्मिला जमरकट्टेललाई मुद्दाको पूर्पक्ष गर्नका लागि प्रतिनिधि तोकिएकोमा निज हाल सुत्केरी भई बिदामा बसेकी हुँदा उक्त मुद्दामा निजको सट्टा श्री तनहुँ जिल्ला अदालतमा गई तारेख लिई मुद्दाको पुर्पक्ष गर्नका लागि व्यास नगरपालिकामा कार्यरत सरसफाई व्यवस्थापक श्री कल्पना पन्थलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।